सााँगुरीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भेडेटार, धनकुटा

१ नं. प्रदेश, नेपाल

## बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०७/९

यस कार्यालयको आ.व. २०७५/०७६ को तपशीलमा उल्लेखित विवरण भएको स्वीकृत कार्यक्रम अनुसार बोलपत्रको माध्यमबाट निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. बोलपत्र फाराम यस कार्यालयको योजना शाखाबाट सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र रु. ३,०००/- (फिर्ता नहुने गरि) तिरि रसिद साथ निवेदन दिई चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कालोसूचीमा नपरेको लिखित घोषणा पत्र र अन्य कागजातहरु साथ बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले निवेदन दिई फाराम खरिद गर्न सकिनेछ। बिक्री भएका शिलबन्दी दरभाउपत्रहरु ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु सोहि दिन २:०० बजे यस कर्यालयमा विभिन्न कार्यालयहरुका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। शिलबन्दी बोलपत्र खोल्ने दिन बोलपत्रदाताहरुको प्रतिनिधीहरु अनुपस्थित भएमा पनि शिलबन्दी खोल्न बाधा पर्ने छैन।

२. बोलपत्र फारामसाथ धरौटी रकम रु. **१,०९०००/-** यस कार्यालयको नाममा खोलिएको नेपाल बंगलादेश बैंक भेडेटार शाखामा रहेको धरौटी खाता नं. ०५२०००९२१ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणीज्य बैंकले जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको जमानत( बीडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्ने छ।

३. बोलपत्र फाराम खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्तिको दस्तखत, कार्यालयको छाप लागेको छ छैन हेरि खरिद गर्नु पर्नेछ। दस्तखत तथा कार्यालयको छाप नभएको बोलपत्र फाराम उपर कुनै मान्यता हुने छैन।

४. बोलपत्र फाराम बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ।

५. शिलबन्दी बोलपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

६. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरु मान्य हुने छैन।

७. यस सुचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ।

८. बोलपत्र स्वीकृत भएपछि परफरमेन्स बण्ड वापत बोलपत्रदाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम माथि बुँदा नं. २ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको न्यूनतम १३ महिना बढीको म्याद राखी जारी गरेको बैंक जमानी पत्र पेश गर्नु पर्नेछ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। थप अन्य कुराहरु बुझ्नु परेमा कार्यालयको वेभ पेज www.sangurigadhimun.gov.np मा हेर्न र ०२५४००५८ मा सम्पर्क गर्न सकिने छ।

१०. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनुपर्नेछ। बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ।

११. बोलपत्र सम्बन्धी कामको विस्तृत विवरण

| सूचना नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिन्जेसि बाहेक) | धरौटी रकम | फाराम दस्तुर फिर्ता नहुने गरि |
|---|---|---|---|---|
| ०४/२०७५-७६ | भेडेटार भ्यू टावर निर्माण कार्य | **३६,४१,६८३।६८** | **१,०९०००/-** | रु.३,०००/- |